# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :१५ मंसिर ०२, २०८१

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०७/३० गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकाको स्थानिय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको लागि गठित समितिलाई सहजिकरण गर्न तथा सल्लाह दिनको लागि तपशिल बमोजिमको सल्लाहकार विज्ञ छनौट गर्ने निर्णय गरियो ।<br>**तपशिलः**<br>श्री ठाकुर प्रसाद शर्मा खनाल गुल्मीदरबार-४, गुल्मी<br>श्री हरि प्रसाद अर्याल गुल्मीदरबार-७, गुल्मी<br>श्री हरि बहादुर कार्की अध्यक्ष शिक्षक महासंघ<br>श्री विष्णुराज गिरी गुल्मीदरबार-५, गुल्मी<br>श्री श्रीराज खड्का गुल्मीदरबार-२, गुल्मी |
| ३ | कक्षा ८ र कक्षा १० को नतिजा सुधारको लागि अतिरिक्त कक्षाहरु सञ्चालनको सम्बन्धमा नेपाल शिक्षक महासंघ, नेपाल शिक्षक संघ र नेपाल शिक्षक संगठन गुल्मीदरबार गाउँपालिकाका पदाधिकारीहरुसँग छलफल गरि मोडालिटी तयार गर्ने निर्णय गरियो । |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रमको १०० दिनको रोजगारीको लागि चालु आ.व.मा प्राप्त बजेटबाट दैनिक पारिश्रमिक रु.६६८।– उपलब्ध गराउँदा कुल जम्मा ७१ जनालाई १०० दिनको रोजगारी दिन सकिने हुँदा गाउँपालिकाले काम लगाउने गरि ४ जना वडा नं. १ को लागि १२ जना वडा नं. २ को लागि १० जना वडा नं. ३ को लागि ९ जना वडा नं. ४ को लागि ११ जना वडा नं. ५ को लागि ८ जना वडा नं. ६ को लागि ८ जना र वडा नं. ७ को लागि ९ जनाबाट काम गराउने गरि योजनाहरु २०८१/८/१० गते भित्र उपलब्ध गराउने र जीवन उपयोगी तालिम अन्तर्गत प्रत्येक वडाबाट २/२ जनाको लागि पलम्विङ्ग र १/१ जनाको लागि मेकानिकल तालिम सञ्चालन गर्ने निर्णय गरियो । |
| ५ | गुल्मीदरबार गाउँपालिकाका आर्थिक विकास समिति र नवप्रवर्तन कार्यक्रम सञ्चालन समितिका निर्णयहरु जानकारी लिइ अनुमोदन गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाबाट आ.व.२०८१/०८२ मा सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति २०८१/०८/१० गते भित्र सबै वडाहरुमा गठन गर्ने, प्राविधिक लागत स्टिमेट मंसिर २० गते भित्र तयारी गर्ने, योजना सम्पन्न गर्ने म्याद २०८२ बैशाख मसान्तसम्म दिने, २०८१/०९/०१ गते देखि २०८१/०९/०८ गतेसम्म एकिकृत घुम्टि सिविर सञ्चालन गर्ने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिकाको लागि आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौको च.नं.४३९ मिति २०८१/०६/१३ को पत्र बमोजिम सडक मर्मत संभार कार्यक्रमका लागि व.उ.शि.नं.३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८१/०६/०७ को निर्णयानुसार यस गाउँपालिकाको लागि रु.२३०००००।–(तेईस लाख मात्र) बजेट स्वीकृत भएको हुँदा यस कार्यालयबाट सडकबोर्ड नियमावली २०६० परिच्छेद(३) नियम (९)बमोजिम व्यहोर्नु पर्ने २०% ले हुने रु.५७५०००।—(पाँच लाख पचत्तर हजार) समपूरक कोषको सुनिश्चित गरि कुल जम्मा रु.२८७५०००।—(अठ्ठाइस लाख पचत्तर हजार) बाट सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा सडक मर्मत संभार कार्य छनौटको प्राथमिकता नं. ४ बमोजिम छनौट गरि सडक मर्मत संभार कार्यक्रम सञ्चालनका लागि सहमति प्रदान गर्न सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद (२) को बुँदा ४ बमोजिम यस गाउँपालिकाको ४ वटा खण्डमा मर्मतसंभार गर्नेे सोहि बमोजिमका **खण्ड १.** नयाँगाउँ चारखुट्टे सडक गुल्मीदरबार-१, **खण्ड २.** झिरबास सिस्ने वीरबास सडक गुल्मीदरबार-२ र ४, **खण्ड ३.** चिनियापोखरी ढुङ्गेरी तल्लो हटिया सडक |

| | |
|---|---|
| | गुल्मीदरबार-५ र ६ र **खण्ड ४.** ठूलाचौर डुम्रिपोखरा बाइपास सडक र पुर्खे थानमाथी सडक मर्मत संभारका लागि छनौट गर्ने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकाको लु १ झ ४२५ नं. गाडी अर्घाखाँचीको पाणिनी गाउँपालिकामा दुर्घटना भइ गाडी सडकबाट तल झरेको हुँदा उक्त गाडी सडकसम्म तान्नको लागि भएको खर्च र गाडी लोक सुशिला अटो कन्सर्न बुटवलमा मर्मत भइरहेको हुँदा खर्च भएको रकमको बिल बमोजिमको रकम मध्ये बिमाले बेहोरेको बाहेकको रकम भुक्तानीका लागि तपशिल बमोजिम रकमान्तर गरी भुक्तान दिने निर्णय गरियो । |

**तपशिलः**

**चालु खर्च संशोधन**

| कटौती गर्नुपर्ने कार्यक्रमहरु (आय) रु हजार | | | सि.नं. | व्याय रु हजार | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरु | विनियोजित बजेट | कटौती रकम / आय स्रोत | | कार्यक्रमहरु | विनियोजित रकम | थप रकम | जम्मा रकम |
| सडक बत्ती तथा विधुत महसुल व्यवस्थापन | २००० | ५०० | १ | सवारी साधन मर्मत खर्च | १८०० | १८५० | ३६५० |
| संस्थागत सहयोग | ८०० | २०० | २ | | | | |
| नगर प्रहरीको व्यवस्थापन | १८०० | ४५० | ३ | | | | |
| पदाधिकारी बैठक भत्ता | १८०० | ४५० | ४ | | | | |
| कार्यक्रम खर्च | १२०० | २५० | ५ | | | | |
| **जम्मा रकम** | | **१८५०** | | **जम्मा** | **१८००** | **१८५०** | **३६५०** |

| | |
|---|---|
| ९ | गुल्मीदरबार गाउँपालिका र अन्य पालिकासँग लागत साझेदारीमा काम गर्नको लागि गुल्मीदरबार गाउँपालिका वडा नं. १ को शिवपुरीमा निर्माण हुन लागेको गौशाला निर्माणको लागि अन्तर्पालिका शिर्षकमा रहेको रकम रु.३०००००।– उपयोग गर्ने र रेसुङ्गा नगरपालिका, मुसिकोट नगरपालिका र चन्द्रकोट गाउँपालिकाको लागि लागत साझेदारीमा कामका लागि पत्राचार गर्ने निर्णय गरियो । |
| १० | १५ शैयाको आधारभुत अस्पताल यथासिघ्र सञ्चालनका लागि अस्पतालमा जाने मोटरबाटो अवरुद्ध भएको हुँदा मेसिनरी वालको लागत स्टिमेट बमोजिम काम गराउने र गाउँपालिकाको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी गर्ने । अस्पतालको कोठाहरुमा आवश्यकता बमोजिमको एल्मुनियम पाटेशन गर्ने र अस्पताल परिसर एवं अस्पताल जाने बाटोमा बत्तिको लागि विद्युत पोलहरु गाड्ने काम सम्पन्न गराइ १५ शैया आधारभूत अस्पताल निर्माण खर्च शिर्षकबाट भुक्तानी गर्ने र अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, सामाग्रीहरु लगायतका विषयमा छलफल गरि काम अगाडी बडाउने निर्णय गरियो । |
| ११ | वर्षातको समयमा विभिन्न ठाउँमा बाढी पहिरोको कारण मोटर बाटो अवरुद्ध हुँदा मोटर बाटो मर्मत संभारमा भएको तपशिलको प्राविधिक लागत स्टिमेट र कार्यसम्पादन मूल्याङ्कन बमोजिमको रकम भूक्तानी गर्ने निर्णइ गरियो ।<br>तपशिलः<br>वडा नं. १ मा मर्मत संभारमा खर्च भएको रकम रु.९,००,०००।–<br>वडा नं. २ मा मर्मत संभारमा खर्च भएको रकम रु. २,२७,३१९।२८<br>वडा नं. ३ मा मर्मत संभारमा खर्च भएको रकम रु.२,०४,९८७।२१<br>वडा नं. ३ मा ग्रावेलमा खर्च भएको रकम रु.३२,४१९।०२<br>वडा नं. ४ मा मर्मत संभारमा खर्च भएको रकम रु.४,७५,०००।–<br>वडा नं. ५ मा मर्मत संभारमा खर्च भएको रकम रु.५८,३१५।६८ |

| | |
|---|---|
| | वडा नं. ५ मा ग्रावेलमा खर्च भएको रकम रु.५१,२१९।– <br> वडा नं. ६ मा मर्मत संभारमा खर्च भएको रकम रु.२,२०,०००।– <br> वडा नं. ७ मा मर्मत संभारमा खर्च भएको रकम रु.२,५०,०००।– <br> वडा नं. २, ३ र ४ मा मर्मत संभारमा खर्च भएको रकम रु.९८,६४२।११ |
| १२ | गुल्मी जिल्लाको ऐतिहासिक एवं धार्मिक पर्यटकीय क्षेत्र रेसुङ्गालाई जोड्ने गौंडाकोट रेसुङ्गा मोटर बाटोको स्तरोन्नतीको लागि DPR गर्ने निर्णय गरियो । |
| १३ | गुल्मीदरबार गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम नागरिकहरको न्यूनतम विद्युत महसुल भुक्तानीको कार्यक्रम रहेकोमा गत आ.व.२०८०/०८१ मा भुक्तानी दिन बाँकी रहेको विद्युत महसुल बिलभर्पाई बमोजिम भुक्तानी गर्ने र चालु आ.व.को पनि बिल भर्पाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो । |
| १४ | सामाजिक सुरक्षाका लाभग्राहीहरुलाई वायोमेट्रिक सिस्टममा लैजानको लागि वायोमेट्रिक डिभाइस खरिद गर्ने र वडा सचिवहरुलाई तालिम दिने व्यवस्था मिलाउने निर्णय गरियो । |
| १५ | गुल्मीदरबार गाउँपालिकाका सबै वडाहरुमा स्थापना भएका कृषि उपज संकलन केन्द्रहरुमा एक/एक जना सम्पर्क व्यक्तिहरु तोक्ने निर्णय गरियो । |
| १६ | विविध विषयमा गरिएका निर्णयहरु: <br> ➢ वडा नं. १ को कार्यालय मर्मत तथा रङ्गरोगन लागत स्टिमेट बमोजिम गर्ने । <br> ➢ एयरपोर्ट जोड्ने मोटर बाटोमा पहिरो गएर रोकिएकोलाई तत्काल सुचारु गर्नको लागि लागत स्टिमेट बमोजिम गराउने र विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने । <br> ➢ घोराहा जाने कुलो वर्षातको पहिरोले क्षदविच्छेद भएको हुँदा लागत स्टिमेट तयारी गर्ने । <br> ➢ गौंडाकोट जुभुङ्ग मजुवा सडकको विभिन्न ठाउँमा चिप्लो हुने हुँदा १५ ट्याक्टर ग्रावेल विभिन्नठाउँमा विछ्याउने व्यवस्था मिलाई गा.पा.मर्मत संभारबाट भुक्तानी गर्ने । <br> ➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ५ निवासी तारा गिरीको घर नजिक पहिरो गई घर जोखिममा रहेको हुँदा लागत स्टिमेट बमोजिमको सेफ्टिवाल निर्माण गराउने र विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत